# नेपालका परराष्ट्रमन्त्रीको भारत भ्रमण

नेपालका परराष्ट्रमन्त्री महामहिम श्री शिशिर खनालले विदेशमन्त्री डा. एस. जयशंकरको निमन्त्रणामा मिति २०८३ जेठ २२ गतेदेखि भारतको औपचारिक भ्रमण सुरु गर्नुभयो ।

२. मन्त्रीहरुले मिति २०८३ जेठ २३ गते नयाँ दिल्लीमा द्विपक्षीय वार्ता गर्नुभयो । वहाँहरुले विकास सहकार्य, कनेक्टिभिटी, व्यापार तथा पारवहन, ऊर्जा र जनता–जनताबीचको सम्बन्ध लगायत भारत–नेपाल द्विपक्षीय सम्बन्धका समग्र पक्षहरुको समीक्षा गर्नुभयो । वहाँहरुले आपसी हितका क्षेत्रीय तथा बहुपक्षीय विषयहरुमा पनि आफ्ना विचारहरु साटासाट गर्नुभयो ।

३. मन्त्रीद्वयले विभिन्न क्षेत्रहरुमा भएका द्विपक्षीय सहकार्यको प्रगतिप्रति सन्तोष व्यक्त गर्नुभयो र नवप्रवर्तन तथा स्टार्टअप, डिजिटल तथा वित्तीय प्रविधि एवम् तालिम तथा क्षमता अभिवृद्धिका क्षेत्रहरुमा सहकार्य बढाउन चालिएका हालैका पहलहरुको स्वागत गर्नुभयो । वहाँहरुले भारत–नेपालबीचको बहुआयामिक साझेदारीलाई थप सुदृढ बनाउँदै नयाँ उचाइमा पुऱ्याउन प्रयासहरुलाई तीव्र पार्ने सहमति जनाउनुभयो ।

४. दुवै मन्त्रीहरुले आपराधिक मामिलाहरुमा भारत–नेपाल पारस्परिक कानुनी सहायता सम्झौता (एमएलएए) कार्यान्वयनमा ल्याउनका लागि आन्तरिक प्रक्रियाहरु पूरा भएकोमा स्वागत गर्नुभयो । यस सम्झौताले सीमापार अपराधहरुसँग सम्बन्धित अनुसन्धान, अभियोजन र न्यायिक कारबाहीको प्रभावकारिता बढाउन एक संस्थागत कानुनी ढाँचा प्रदान गरी भारत र नेपालका जनतालाई फाइदा पुऱ्याउनेछ ।

५. द्विपक्षीय वार्ता पश्चातः

क) भारतका विदेशमन्त्रीले नेपालका परराष्ट्रमन्त्रीलाई नेपालका लागि भारतको सन् २०१५ को 'भूकम्पपछिको पुनर्निर्माण सहयोग' अन्तर्गत सम्पन्न भएका ७२ वटा स्वास्थ्य संस्था र १२ वटा साँस्कृतिक सम्पदा क्षेत्रका परियोजनाहरु हस्तान्तरण गर्नुभयो ।

ख) भारत र नेपालबीच सीमापार व्यक्तिगत विप्रेषणलाई सहज बनाउन मन्त्रीद्वयले संयुक्त रुपमा भारतको युनिफाइड पेमेन्ट्स इन्टरफेस (युपीआई) र नेपालको नेशनल पेमेन्ट्स इन्टरफेस (एनपीआई) बीच पियर–टु–पियर (पीटुपी) आबद्धताको सुरुवात गर्नुभयो ।

ग) 'भोइस फर्स्ट' भाषा अनुवाद प्लेटफर्मका लागि राष्ट्रिय डिजिटल पूर्वाधार सह–निर्माण गर्न डिजिटल इंडिया भाषिनी र काठमाडौँ विश्वविद्यालयबीच समझदारी पत्रमा भएको हस्ताक्षरको मन्त्रीद्वय साक्षी बन्नुभयो ।

६. दुई देशबीचको विशिष्ट र विशेष सम्बन्धलाई प्रतिबिम्बित गर्दै छलफलहरु न्यानो, मैत्रीपूर्ण र रचनात्मक वातावरणमा सम्पन्न भए ।

७. भ्रमणका क्रममा परराष्ट्रमन्त्री खनालले राष्ट्रिय सुरक्षा सल्लाहकार श्री अजित डोभालसँग पनि भेटवार्ता गर्नुभयो ।

८. सन् २०२६ मार्चमा नेपालमा नयाँ सरकारले कार्यभार सम्हालेयता दुई देशबीच परराष्ट्रमन्त्री स्तरमा भएको यो पहिलो भ्रमण थियो । भारतको 'छिमेकी पहिलो' नीति अन्तर्गत नेपाल एक प्राथमिकतामा रहेको साझेदार हो र यस भ्रमणले दुई घनिष्ठ तथा मित्रवत छिमेकीहरुबीच नियमित उच्च–स्तरीय आदानप्रदानको परम्परालाई थप सुदृढ बनाएको छ । यसले दुवै देशका जनताको आकांक्षा पूरा गर्नका लागि द्विपक्षीय साझेदारीलाई थप बढाउने विषयमा विचार आदानप्रदान गर्ने अवसर प्रदान गर्नुका साथै यस उद्देश्यतर्फ हाम्रा प्रयासहरुमा नयाँ ऊर्जा थपेको छ ।

नयाँ दिल्ली
२०८३ जेठ २३